आज मिति २०८०।०६।२२ गते मंगलबारका दिन विहानको ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को पाँचौ बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, लेखा सहायक

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८०।०६।२२ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठेकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०६।१८ गते

**मिति २०८०।०६।२२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको विस्तृत समिक्षा,
प्रस्ताव नं. २ बर्षाले विग्रिए मोटरबाटो मर्मत सम्बन्धमा ( वडा अनुसार रकम किटान गर्ने),
प्रस्ताव नं ३ स्वास्थ्य चौकीहरुमा अ.हे.व.-२, र अ.न.मी.-१ करारमा नियुक्ती गर्ने सम्बन्धमा,
प्रस्ताव नं ४ भुवानी आ.वि. भवन निर्माण सम्बन्धमा,
प्रस्ताव नं ५ विविध।

निर्णय नं. १:

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिका पुर्व निर्णयहरुको समिक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं. २:

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिका भित्र बर्षाले बिग्रिएको मोटरबाटो मर्मत सम्भार गर्ने सम्बन्धमा प्राविधिक ईस्टिमेटको आधारमा उपभोक्ता समितिबाट काम गराउने तथा उक्त मर्मत खर्च बिपद् व्यवस्थापन कोषबाट गर्ने।

| क्र.स. | वडा नं | बाटो/आयोजनाको नाम | लागत इस्टिमेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं १ दोवा | भिरकाटे देखी दोवा गाउँसम्म मोटरबाटो सरसफाई | १९२४२२।५५ | |
| २ | वडा न. २ भुरुङ तातोपानी | तातोपानी देखि चिसोपानी हुदै देउराली डाँडा सम्म मोटरबाटो सरसफाई | १५८१२८।४७ | |
| ३ | वडा न. २ भुरुङ तातोपानी | ठुलोबगर देखी कटौजे सम्म मोटरबाटो सरसफाई | २५७८२।०९ | |
| ४ | वडा नं ३ दाना | सुवा जाने बाटो मर्मत | ७७०००। | |
| ५ | वडा नं ३ दाना | ज्ञान प्रकाश मा.वि. देखि कोटखलङ्ग ठारासम्म मोटरबाटो सरसफाई | २१४०००। | |
| ६ | वडा नं ३ दाना | डाँडागाउँदेखी दुवारी सम्म मोटरबाटो सरसफाई | १७६५००। | |
| ७ | वडा नं ३ दाना | जलथले देखी फगामसम्म गोरेटोबाटो मर्मत | ९६५००। | |
| ८ | वडा नं ४ नारच्याङ | कोप्चेपानी बाटो सरसफाई | २०६६६८।५३ | |
| ९ | वडा नं ४ नारच्याङ | छेम्दी कृषि सडक सरसफाई | २१०७५४।०४ | |
| १० | वडा नं ५ शिख | घारखोला-किन्दु-स्वाँत-शिख सडक सरसफाई तथा मर्मत | ६२९४०३।२२ | |
| ११ | वडा नं. ६ घार | चित्रे घोरेपानी हुदै कटुक परेबराह घोरेपानी सम्म मोटरबाटो सरसफाई | १५२७१०।४० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | वडा नं ७ हिस्तान | दशै मोटरबाटो सरसफाई | ३१००९१।९७ | |
| १३ | वडा नं ८ राम्चे | रिमा खोला देखो नाँगी सम्म मोटरबाटो सरसफाई | २७००००। | |

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिका अन्तर्गत शिख स्वास्थ्य चौकीको लागि अ.न.मी.( चौथो तह)-१ जना, भुरुङ तातोपानी स्वास्थ्य चौकी अ.हे.व.(चौथो तह) -१ जना र दाना स्वास्थ्य चौकी अ.हे.व.(चौथो तह) -१ जना करार नियुक्तिका लागि विज्ञापन गर्ने । साथै वर्थिङ सेन्टरमा अ.न.मी नियुक्त गर्न संघीय सशर्त अनुदान प्राप्त भएकाले आवश्यक ठाउमा खटाउने गरी चौथो तहको लागि विज्ञापन गर्ने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा भुवानी आ.वि.मा मिति २०८०।०४।२८ देखि २०८०।०५।०९ गते सम्म परेको अविरल बर्षाको कारण विद्यालयको ३ कोठे भवनको गाह्रोहरु चर्की पठनपाठनको लागि अत्यन्त जोखिम रहेकाले प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय पोखरामा विद्यालय भवन निर्माण गर्न सिफारिस गर्ने ।

निर्माण नं ५:

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गरियो ।

क) नारच्याङ, पाउद्वार र स्वाँत/बयलीबाट खोप्रा जाने बाटो पदमार्ग स्तरोन्नती, अन्धगल्छी भ्युपोइन्ट पूर्वाधार व्यवस्थापन, पार्क निर्माण र खानेपानी व्यवस्थापनको लागि पर्यटन बोर्ड, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगमा योजना माग गर्ने ।

ख) चालु आ.व.मा पाउद्वार कुण्डमा आय ठेक्का सञ्चालित स्थानमा माग भएका तपसिलका सामग्रीहरु खरिद गरि आय ठेक्का सञ्चालकलाई हस्तान्तरण गर्ने ।

- जग- ५ वटा
- लाईट — ५ वटा
- टयाङ्की- १ हजार लिटर
- प्लाष्टिक टेबुल — २ वटा
- कुर्ची — १० वटा

- साउण्ड सिस्टम(स्पिकर)-१ वटा

साथै कुण्डमा जाने सिढी तथा रेलिङ् मर्मत, कोठा देखि शौचालय सम्म मोटर बाटो ढलान, कोठा तथा कुण्ड रङ्गरोगन, अस्थायी काठे साँघु निर्माणको लागि योजनाको रुपमा आगामी गाउँसभामा पेश गर्ने ।

ग) मिति २०८०।०५।२२ गते Mountain Energy Nepal Ltd ले बंकर फिर्ता गर्ने पत्र उपर छलफल गर्दा उक्त बंकरमा रहेको बिष्पोटक पदार्थ प्रयोग भइसकेको, साथै उक्त बंकर कुन प्रयोजनमा प्रयोग हुने हो सो खुलाई पठाउन पत्राचार गर्ने र उक्त पत्रको जवाफ आएपछि पुन छलफल गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष